# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६०) काठमाडौं, साउन २४ गते, २०६७ साल (संख्या १७

## भाग ३

### नेपाल सरकार
### स्थानीय विकास मन्त्रालयको सूचना

**कोरिया नेपाल मैत्री अस्पताल विकास समिति (गठन) आदेश, २०६६**

विकास समिति ऐन २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ (१) यस आदेशको नाम "कोरिया नेपाल मैत्री अस्पताल विकास समिति (गठन) आदेश, २०६६" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२ परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठित कोरिया नेपाल मैत्री अस्पताल विकास समिति सम्झनु पर्छ ।

(ख) "अस्पताल" भन्नाले कोरिया नेपाल मैत्री अस्पताल सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शव्दले समितिको अध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले यस आदेश अर्न्तगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३ **समितिको गठनः** (१) कोरिया नेपाल मैत्री अस्पताल विकास समिति नामको एक समिति गठन गरिएको छ ।

(२) उपदफा (१) वमोजिमको समितिमा देहाय बमोजिमका सदस्य रहने छन :–

(क) प्रमुख, मध्यपुरथिमि नगरपालिका -अध्यक्ष

(ख) प्रतिनिधि, स्थानीय विकास मन्त्रालय -सदस्य

(ग) प्रमुख, जिल्ला जनस्वास्थ्य कार्यालय, भक्तपुर -सदस्य

(घ) मध्यपुरथिमि नगरपालिकामा प्रतिनिधित्व गर्ने महिला सदस्यहरुमध्येवाट सो नगरपालिकाले तोकेको एक जना महिला -सदस्य

(ङ) अस्पताल रहेको वडाको वडा अध्यक्ष

(च) मध्यपुरथिमि नगरपालिकाबाट गठित आकस्मिक सेवा समन्वय समितिका संयोजक -सदस्य

(छ) अस्पताललाई सहयोग गर्ने दातृसंस्थाहरु मध्येबाट समितिले मनोनयन गरेको दातृ संस्थाको प्रतिनिधि -सदस्य

(ज) अस्पतालमा कार्यरत चिकित्सकहरुमध्येवाट समितिले मनोनयन गरेको एक जना चिकित्सक -सदस्य

(झ) मध्यपुरथिमि नगरपालिकाभित्रका समाजसेजवी र वुद्धिजिवीमध्येवाट एक जनां महिला सहित समितिले मनोनयन गरेको दुई जना -सदस्य

(ञ) कार्यकारी निर्देशक, कोरिया नेपाल मैत्री अस्पताल -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (छ), (ज) र (झ) बमोजिम मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ र निजहरुलाई पुनः मनोनयन गर्न सकिनेछ ।

२१८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४ **समितिको काम, कर्तव्य र अधिकार:** समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) अस्पतालवाट प्रदान गरिने स्वास्थ्य सेवालाई स्तरीय वनाउनको लागि अवलम्वन गर्नु पर्ने नीति तथा कार्यक्रम वनाउने,

(ख) अस्पताल व्यवस्थापन सम्वन्धी नीति, योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ग) अस्पतालको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(घ) अस्पतालको भौतिक पूर्वाधारको विकास तथा विस्तार गर्ने वा गराउने,

(ङ) अस्पतालको चल, अचल सम्पत्तिको संरक्षण, सञ्चालन तथा वृद्धि सम्बन्धी आवश्यक काम गर्ने,

(च) अस्पतालको विकास तथा विस्तारको लागि आवश्यक सहयोग जुटाउने,

(छ) नेपाल सरकारको नीति अनुरुप गरीब तथा असहायलाई निःशुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवा उपलव्ध गराउने,

(ज) अस्पतालको सेवालाई आवश्यक पर्ने पद तथा दरवन्दी स्वीकृत गर्ने,

(झ) अस्पतालले प्रदान गर्ने सेवा शुल्क निर्धारण गर्ने,

(ञ) स्वास्थ्य सम्वन्धी विभिन्न अनुसन्धान एवं आवश्यक तालिम सञ्चालन गर्ने,

(ट) अस्पताल सञ्चालन सम्वन्धमा अन्य आवश्यक काम गर्ने ।

५ **समितिको बैठक र निर्णय:** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिका एक तिहाई सदस्यले बैठक वोलाउनको लागि लिखित रुपमा माग गरेमा सदस्य-सचिवले सो कुराको जानकारी अध्यक्षलाई गराई समितिको बैठक वोलाउनेछ ।

(३) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक वस्नेछ ।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा वढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिका बैठकको निर्णय वहुमतको आधारमा हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(८) समितिले आवश्यक देखेमा विशेषज्ञलाई पर्यवेक्षकको रुपमा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६ कार्यकारी निर्देशकः (१) समितिले तोकिए बमोजिमको योग्यता पुगेको व्यक्तिलाई अस्पतालको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने गरी कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ ।

(२) अस्पतालको दैनिक प्रशासन सञ्चालन गर्ने र समितिले गरेको निर्णयको कार्यान्वयन गर्ने गराउने जिम्मेवारी कार्यकारी निर्देशकको हुनेछ ।

(३) कार्यकारी निर्देशकको पदावधि पाँच वर्षको हुनेछ र निजको पुनः नियुक्ति हुन सक्नेछ ।

(४) कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार, पारिश्रमिक तथा सेवाको शर्त सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।



५२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७ **समितिको कोष:** (१) समितिको एउटा छुट्‌टै कोष रहने छ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन् :–

(क) स्थानीय निकायबाट प्राप्त हुने रकम,

(ख) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त हुने अनुदान तथा सहायता रकम,

(ग) अस्पतालले सेवा प्रदान गरे वापत प्राप्त हुने रकम,

(घ) कुनै व्यक्ति वा दातावाट प्राप्त रकम,

(ङ) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(३) समितिको सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

(४) समितिले उपदफा (२) को खण्ड (ख) वमोजिम कुनै अनुदान तथा सहयोग रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट समितिलाई प्राप्त अनुदान तथा सहयोग रकम जुन कार्यक्रमको लागि प्राप्त भएको हो सो अनुदान तथा सहयोग रकम सोही कार्यक्रममा मात्र खर्च गरिनेछ ।

(६) समितिको कोषमा प्राप्त हुने रकम समितिले तोकेको 'क' वर्गको वैकमा समितिको नाममा खाता खोली जम्मा गरिनेछ ।

(७) समितिको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

८ **लेखा तथा लेखापरीक्षण:** (१) समितिको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको तरिका वमोजिम राखिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) समितिको लेखा परीक्षण महालेखा परिक्षक वा निजले तोकेको लेखा परिक्षकवाट हुनेछ ।

(३) नेपाल सरकारले चाहेमा जुनसुकै बखत समितिको हिसाव किताव जाँच्न वा जँचाउन सक्नेछ ।

९ **कर्मचारी सम्बन्धी व्यवस्था:** (१) समितिले आवश्यकता अनुसार कर्मचारी नियुक्ति गर्न सक्ने छ ।

(२) समितिका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

१० **वार्षिक प्रतिवेदन पेश गर्ने:** समितिले तोकिए बमोजिमको विवरण खुलाई प्रत्येक वर्षमा आफूले सम्पन्न गरेको कामको वार्षिक प्रतिवेदन स्थानीय विकास मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

११ **उपसमिति गठन गर्न सक्ने:** (१) समितिले आफ्नो काम कारवाही सूचारु रुपले सम्पन्न गर्नको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिको कार्य क्षेत्रगत शर्त तथा कार्यावधि सो उपसमितिका सदस्यहरुले पाउने सुविधा समितिले निर्धारण गरिदिए बमोजिम हुनेछ ।

१२ **अधिकार प्रत्यायोजन :** समितिले यो आदेश वा यस आदेश अर्न्तगत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्येबाट आवश्यकता अनुसार केही अधिकारहरु समितिको कुनै सदस्य, दफा ११ बमोजिम गठित उपसमिति, कार्यकारी निर्देशक वा समितिको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१३ **निर्देशन दिन सक्ने:** नेपाल सरकारले समय समयमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१४ **नेपाल सरकारसंग सम्पर्क :** समितिले नेपाल सरकारसंग सम्पर्क राख्दा स्थानीय विकास मन्त्रालय मार्फत राख्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५ **नियमहरु बनाउने अधिकारः** (१) यस आदेशको उद्देश्य कार्यान्वयनको लागि समितिले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनेका नियमहरु नेपाल सरकारवाट स्विकृत भए पछि लागू हुने छन् ।

१६ **बैठक भत्ताः** समितिका अध्यक्ष तथा सदस्यले समितिको बैठकमा भाग लिए वापत पाउने बैठक भत्ता तोकिए बमोजिम हुनेछ ।

१७ **समितिको कार्यालयः** समितिको कार्यालय मध्मपुरथिमि नगरपालिका क्षेत्रभित्र रहनेछ ।

१८ **बचाउः** (१) यो आदेश प्रारम्भ हुनु अघि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मध्यपुरथिमी नगरपालिका र क्यूङ्गही इण्टरनेशनल मेडिकल कोअपरेसन सोसाईटी कोरिया बीच सम्पन्न सम्झौता बमोजिम सञ्चालनमा रहेको कोरिया नेपाल मैत्री अस्पतालले गरेको काम कारबाहीहरु यसै आदेश अर्न्तगत भए गरेका मानिने छन् ।

(२) यो आदेश प्रारम्भ हुँदाका बखत उपदफा (१) बमोजिमको अस्पतालमा कार्यरत कर्मचारी यसै आदेश अर्न्तगत नियुक्त भएका मानिने छन् ।

(३) यो आदेश प्रारम्भ हुँदाका बखत उपदफा (१) बमोजिमको अस्पतालले प्राप्त गरेको चल, अचल सम्पत्ति, हक अधिकार एवं दायित्व समितिमा सर्नेछ ।

आज्ञाले,
कृष्ण ज्ञवाली
नेपाल सरकारको सचिव



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।